कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या : २०८०/८१ फोन नं : ०७६५२०१४७
चलानी नम्बर : फयाक्स नं. : ०७६५२०६८४

मिति :- २०८१/०२/०९

विषय :-स्वयंसेवक शिक्षक पदपूर्ति सम्बन्धी सुचना ।

प्रस्तुत विषय सम्बन्धमा यस नगरपालिकाको शिक्षा समितिको मिति २०८१/०२/०६ गतेको निर्णय र नगर कार्यपालिकाको मिति २०८१/०२/०६ गतेको निर्णय अनुसार यस कृष्णनगर नगरपालिकाभित्रका विभिन्न सामुदायिक विद्यालयमा तपसिल अनुसारको तह र संख्यामा खुल्ला प्रतियोगितात्मक परीक्षाद्वारा स्वयंसेवक शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले योग्य उम्मेदवारहरुले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ ।

१.स्वयंसेवक शिक्षकको पद पूर्ति विवरण

| प्राथमिक तह | |
|---|---|
| विज्ञापन नं. | पद संख्या |
| ०१/२०८०/८१ | १२ |

| निम्न माध्यमिक तह | | |
|---|---|---|
| विज्ञापन नं. | विषय | पद संख्या |
| ०२/२०८०/८१ | नेपाली | २ |
| ०३/२०८०/८१ | अंग्रेजी | १ |
| ०४/२०८०/८१ | गणित | १ |
| ०५/२०८०/८१ | सामाजिक | २ |

| माध्यमिक तह | | |
|---|---|---|
| विज्ञापन नं. | विषय | पद संख्या |
| ०६/२०८०/८१ | अंग्रेजी | १ |
| ०७/२०८०/८१ | गणित | १ |
| ०८/२०८०/८१ | सामाजिक | ३ |

२.आवश्यक न्युनतम शैक्षिक योग्यता

क)प्राथमिक तह :- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।

प्रमुख प्रशासकीय अधिकृत

कृष्णनगर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या : २०८०/८१
चलानी नम्बर :

फोन नं : ०७५२०१४७
फयाक्स नं. : ०७६५२०६८४

ख) निम्न माध्यमिक तह :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।

ग) माध्यमिक तह :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको ।

३.आवश्यक अन्य कागजातहरू

क) उम्मेदवारको निवेदन

ख) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

ग) सम्बन्धित तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि

घ) शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपि

ङ) वैदेशिक शैक्षिक संस्थाको प्रमाणपत्रको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि

च) परिक्षा दस्तुर प्राथमिक तह रु.५००/-, नि.मा. तह रु.७००/- र माध्यमिक तह रु.१०००/- को कार्यालयमा बुझाएको राजस्व रसीद

नोट :- उम्मेदवार १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

दरखास्त फाराम साथ पेश गरिएका सम्पूर्ण प्रमाणपत्रका प्रतिलिपिहरुमा उम्मेदवारले सक्कल प्रमाणित गरेको हुनुपर्नेछ ।

४. परीक्षाको किसिम :- क)लिखित परीक्षा ख)अन्तरवार्ता

५. दरखास्त फाराम पेश गर्ने अन्तिम मिति :- २०८१/०२/२३ गते अपरान्ह ४:०० बजेसम्म

६. लिखित परीक्षा हुने मिति :- सम्पर्क मितिका दिन तोकिनेछ ।

७. सेवा सुविधा :- नगरपालिकाले तोके बमोजिम

८. सम्पर्क मिति :-२०८१/०२/२४

९. -कुनै शर्त राखी दरखास्त स्विकृत गरिनेछैन ।
-झुठ्ठा विवरण पेश गरेमा दरखास्त रद्द गरिनेछ ।
-परीक्षाहरू शिक्षक सेवा आयोगको हाल लागु पाठ्यक्रम अनुरुप हुनेछ ।
-थप जानकारीका लागी ९८४७३५४५६३ /९८६७७१६६०९ मा सम्पर्क गर्नुहोला ।

२०८१/०२/०९

खेमराज देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत